नेपाल सरकार

स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय

# खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग

बबरमहल, काठमाडौं

## निरीक्षण अनुगमन सम्बन्धी विवरण

यस विभागमा विभिन्न मितिमा प्राप्त गुनासो व्यवस्थापनको लागि आकस्मिक (र्‍यापिड रेस्पोनस् मोडालिटिमा) बजार अनुगमन निरीक्षण गर्ने क्रममा गुनासोमा उल्लेख गरे अनुसारको खाद्य व्यवसायको मिति २०८३/०४/१८ मा अनुगमन निरीक्षण गरी खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ बमोजिम तपसिलमा उल्लेख भए अनुसारको कारबाही गरिएको व्यहोरा अनुरोध छ।

| सि.नं. | व्यवसाय/खाद्य पदार्थको विवरण | अनुगमन गर्दाको अवस्था/ कैफियत | **निर्देशन / कारबाही** |
|---|---|---|---|
| १. | एन. एस ग्रुप इन्डस्ट्रीज प्रा. लि., टोखा न. पा. – ८, काठमाडौं | • सरसफाइको अवस्था सामान्य रहेको<br>• उद्योगमा कुचिएको जार प्रयोग गरिएको<br>• टायल टुटे-फुटेको र लेउ लागेको पाइएको<br>• प्रशोधित पानीले जार सफा नगरिएको पाइएको<br>• पानी जार प्याकेजिंग गर्नु अगाडि UV प्रकाशद्वारा शुद्धीकरण नगरिएको<br>• उजुरी, उल्लेख गरे अनुसार जारको पानी मा किरा नभेटिएको। | • सरसफाइ नियमित गर्न निर्देशन दिइएको<br>• कुच्चिएका बाह्र (१२) वटा जार नष्ट गरिएको<br>• टुटे-फुटेको र खिया लागेको टायल मर्मत गरी विभागमा प्रमाण पेश गर्न निर्देशन दिइएको<br>• दिइएको निर्देशन पुरा गरेर सुधार गर्नुपर्ने पक्षहरु सुधार गरी विभागमा प्रमाण पेश गर्न निर्देशन दिइएको। |
| २. | लोकल थकाली रेस्टुरेन्ट एंड बार प्रा. लि., का. म. पा. – २, गैरीधारा, काठमाडौं | • सरसफाइ सन्तोषजनक नरहेको<br>• भान्सा र भाँडा माझ्ने ठाउँ सँगै रहेको<br>• कृत्रिम खाद्य रंग भान्सामा पाइएको<br>• फ्रिजमा काँचो, पकाइएको, दुग्ध पदार्थ र मासुजन्य खाद्य पदार्थ सँगै राखिएको र लेवल विवरण पूर्ण नभएका खाद्य पदार्थ पाइएको | • सरसफाइ नियमित गर्न निर्देशन दिइएको<br>• पूर्ण लेवल विवरण नभएका तीन (३) प्याकेट मःम र चार (४) प्याकेट चाउमिन नष्ट गरिएको<br>• कृत्रिम खाद्य रंगलाई तार्ने, पकाउने खाद्य पदार्थमा प्रयोग नगर्न निर्देशन दिइएको<br>• दुई (२) बट्टा कृत्रिम खाद्य रंग नष्ट गरिएको |

| | | | |
|---|---|---|---|
| | | • उजुरी, उल्लेख गरे अनुसार राम्ररी नपाकेको काँचो खानेकुरा विक्री वितरण गरेको नदेखिएको। | • भान्सा र भण्डारण कक्ष सुधार गरी तीन (३) दिन भित्र प्रमाण सहित विभागमा जानकारी गराउन निर्देशन दिइएको। |
| **अनुगमन गरिएको खाद्य व्यवसायको कुल संख्याः दुई (२) वटा** | | | |

डा. बाल कुमारी शर्मा

वरिष्ठ खाद्य अनुसन्धान अधिकृत

२०८३/०४/२०

**<u>अनुगमनका केहि झलकहरु:</u>**







